सभापोखरी गाउँपालिका

बाह्रविसे, सङ्खुवासभा

**स्थानीय राजपत्र**

---

सभापोखरी गाउँपालिकाद्वारा प्रकाशित

---

बर्ष : ९   अंक: १, सभापोखरी, २०८२ साल जेष्ठ २६ गते

**भाग- २**

सभापोखरी गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिः २०८२।०१।२९

प्रमाणिकरण भएको मितिः २०८२।०२।२६

# अर्बिट इनर्जि लि सभाखोला “बि” हाइड्रोपावर कम्पनीबाट प्राप्त हुने सामाजिक उत्तरदायित्व वापतको रकम परिचालन कार्यबिधि २०८२

**प्रस्तावनाः**

सभापोखरी गाउँपालिका अन्तर्गत संचालन भएको अर्बिट इनर्जि लि सभाखोला “बि” हाइड्रोपावर कम्पनीबाट सभापोखरी गाउँपालिकाको कार्यालयमा प्राप्त हुने सामाजिक उत्तरदायित्व वापत रकमलाई पारदर्शी, प्रभावकारी र समावेशी ढंगले न्यायोचित्तताका आधारमा खर्च गर्ने उद्देश्यले सभापोखरी गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानुन, २०७६ ले दिएको अधिकार प्रयोग गरी सभापोखरी गाउँपालिकाले यो कार्यबिधि निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। यस कार्यविधिले गाउँपालिकामा सामाजिक उत्तरदायित्व अन्तर्गत नागरिक, समूदाय र वातावरणप्रतिको उत्तरदायित्व बोध गर्दै खर्च गरिने रकमको उपयोग तथा कार्यान्वयन प्रक्रिया निर्धारण गर्दछ।

## परिच्छेद १

## प्रारम्भिकः

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यो कार्यविधिको नाम अर्बिट इनर्जि लि सभाखोला "बि" हाइड्रोपावर कम्पनीबाट प्राप्त हुने सामाजिक उत्तरदायित्व वापतको रकम परिचालन कार्यबिधि २०८२ रहने छ ।

(ख) यो विधेयक कार्यपालिकाबाट पारीत भई सभापोखरी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिसमा

क. आर्थिक बर्ष भन्नाले श्रावण १ गते देखि असार मसान्त सम्मको अबधिलाई सम्झनु पर्दछ ।

ख. कार्यपालिका भन्नाले सभापोखरी गाउँकार्यपालिकालाई सम्झनुपर्दछ ।

ग. ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ र सभापोखरी गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानुन, २०७६ सम्झनु पर्दछ ।

घ. कोष भन्नाले सभापोखरी गाउँपालिकाले अर्बिट इनर्जि लि सभाखोला "बि" हाइड्रोपावर कम्पनीबाट सामाजिक उत्तरदायित्व वापत प्राप्त भएको रकम खर्च गर्ने प्रयोजनार्थ स्थापना गरेको कोष सम्झनु पर्दछ ।

ङ. तोकिए वा तोकिए बमोजिम भन्नाले प्रचलित कानुनमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

च. गाउँपालिका भन्नाले सभापोखरी गाउँपालिकालाई सम्झनुपर्दछ ।

छ. अध्यक्ष भन्नाले सभापोखरी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

ज. प्रमुख प्रशासकीय अधिकृत भन्नाले सभापोखरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

झ. "गाउँ सभा" भन्नाले संविधानको धारा २२३ को उपधारा १ बमोजिमको सभापोखरी गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

ञ. "पदाधिकारी"भन्नाले गाउ कार्यापालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कार्यापालिकाका अन्य सदस्य सम्झनु पर्छ ।

ट. "वडा" भन्नाले सभापोखरी गाउँपालिकाको ६ वटा वडा सम्झनु पर्छ ।

ठ. स्थानीय सरकार भन्नाले सभापोखरी गाउँपालिका सरकारलाई सम्झनुपर्छ ।

ड. मुख्य प्रभाबित क्षेत्र भन्नाले सभापोखरी गाउँपालिकाले निर्धारण गरेको बिधुत उत्पादन प्रयोजनार्थ सुरुङ ड्याम वा पावर हाउस निर्माण भएको सभापोखरी गाउँपालिकाको क्षेत्र वा वडालाई सम्झनु पर्दछ ।

ढ. प्रभाबित क्षेत्र भन्नाले दफा ड उल्लेख भएका क्षेत्र र वडा बाहेक सभापोखरी गाउँपालिकाको अन्य क्षेत्र वा वडालाई सम्झनु पर्दछ ।

३. **उद्देश्यः-** यस कार्यविधिको उदेश्य अर्बिट इनर्जि लि सभाखोला ‘‘बि’’ हाइड्रोपावर कम्पनीबाट प्राप्त सामाजिक उत्तरदायित्य वापतको रकम सभापोखरी गाउँपालिकाको प्रभावित क्षेत्रमा भौतिक, सामाजिक, आर्थिक विकास, वातावरणीय संरक्षण, समावेशीकरण प्रवर्द्धन साथै शिक्षा तथा स्वास्थ्य सेवाको सुदृढीकरणमा योगदान गर्ने सामाजिक उत्तरदायित्वअन्तर्गत खर्च गर्नु रहेको छ। यस कार्यविधिको कार्यान्वयनबाट अर्बिट इनर्जि लि हाइड्रोपावर कम्पनीबाट हुदै आएका सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्च निष्पक्ष र पारदर्शी रुपमा गाउँपालिका भरि न्यायोचित ढंगले वितरण हुने, सामाजिक हित प्रवर्द्धन हुने र बहुउपयोगी कार्यमा स्रोतको प्रभावकारी प्रयोग हुने विश्वास लिइएको छ।

## परिच्छेद २

## सामाजिक उत्तरदायित्व कोषको व्यवस्था

४. **सामाजिक उत्तरदायित्व कोषको व्यवस्थाः-** (क) अर्बिट इनर्जि लि सभाखोला ‘‘बि’’ हाइड्रोपावर कम्पनीबाट सामाजिक उत्तरदायित्व वापत प्राप्त रकम गाउँपालिकाको बाट तोकिएको कोषमा जम्मा गर्नु पर्नेछ। उक्त कोषमा जम्मा गरिएको रकम गाउँसभाबाट वा कार्यपालिकाबाट स्वीकृत सामाजिक उत्तरदायित्व अन्तर्गतका आयोजना तथा कार्यक्रममा खर्च गर्न सक्नेछन्।

५. **कोषमा रहेको रकम खर्च सम्बन्धी ब्यबस्थाः** (क) सामाजिक उत्तरदायित्व वापत गाउँपालिका मा प्राप्त भएको रकम प्रचलित ऐन कानुनको परिधिभित्र रहेर सरकारी रकम खर्च गर्दा अपनाउने बिधि र प्रकृया पुरा गरी खर्च गरिनेछ।

(ख) गाउँपालिकाले बजेट निर्माण गरी छुट्टै बजेट उपशिर्षक बनाई खर्च गर्नुपर्नेछ।

(ग) सामाजिक उत्तरदायित्व वापत गाउँपालिकामा प्राप्त भएको रकम गाउँपालिकाले तलब भत्ता सेवा सुबिधा चन्दा पुरस्कार आर्थिक सहायता र प्रशासनिक कार्यमा खर्च गर्न पाउने छैन।

(घ) सामाजिक उत्तरदायित्व वापत प्राप्त भएको रकम सभापोखरी गाउँपालिकाको गाउँसभाबाट स्वीकृत भएका आयोजनाहरुमा वा पूजीगत खर्च शिर्षक अन्तर्गत आयोजना वा कार्यक्रममा खर्च गर्नुपर्नेछ तर आकस्मिक रुपमा कुनै कार्य गर्न आबस्यक भएमा वडागत रुपमा बाँडफाँड भएको रकमको परिधिभित्र रही वडा समितिको निर्णय र सिफारिश अनुसार गाउँकार्यपालिकाको निर्णयले आयोजना संचालनमा खर्च गर्न बाधा पर्नेछैन।

(ङ) सामाजिक उत्तरदायित्व वापत प्राप्त हुने कुल रकम मध्ये सभापोखरी गाउँपालिकाको गाउँसभाबाट स्वीकृत भएका गौरवका आयोजनाहरुमा ५० प्रतिशत रकम खर्च गरिनेछ।

(च) सामाजिक उत्तरदायित्व वापत प्राप्त रकम गौरबका आयोजनाका लागि पालिकामा रहने ५० % रकम कट्टा गरि बाँकी भएको रकमलाई निम्न अनुसार वडामा वडा समितिको निर्णय अनुसार आयोजना छनौट तथा सिफारिस हुने गरि रकम बाँडफाँड गरी बिकास निर्माणका काममा खर्च गर्न सकिनेछ ।

| वडा नं. | प्रतिशत |
|---|---|
| १ | ८.४७४५७ प्रतिशत |
| २ | ८.४७४५७ प्रतिशत |
| ३ | २२.५९८८७ प्रतिशत |
| ४ | ३१.०७३४४७ प्रतिशत |
| ५ | ११.८६४४१ प्रतिशत |
| ६ | १७.५१४१२ प्रतिशत |

यस अगाडी सामाजिक उत्तरदायित्व वापतको रकमबाट खर्च गरिएको रकम जुन वडामा खर्च गरिएको छ त्यहि वडामा पर्ने रकमबाट कट्टा हुनेछ ।

## परिच्छेद ३

## प्रक्रिया र अनुगमन तथा मुल्यांकन

६. **कार्यक्रम छनौट कार्यान्वयन प्रक्रियाः**

(क) वार्षिक योजना तयार पार्ने: सम्बन्धित शाखाले सामाजिक उत्तरदायित्व अन्तर्गत कार्यान्वयन गर्नुपर्ने कार्यक्रमहरूको सूची बनाउनेछ । उक्त सूची योजना तर्जुमा समितिमा छलफल गरी प्राथमिकता तोकिनेछ।

(ख) कार्यक्रम छनोट र अनुमोदन: छनोट गरिएका कार्यक्रमहरू गाउँपालिका कार्यपालिकाबाट अनुमोदन गरिसकेपछि मात्र कार्यान्वयनमा ल्याइनेछ।

(ग) कार्यान्वयन संयन्त्र: स्वीकृत कार्यक्रमहरू सम्बन्धित शाखा गाउँपालिका मार्फत कार्यान्वयन गरिनेछ।

(घ) वित्तीय व्यवस्थापन: कार्यक्रम सम्पन्न भएपछि खर्चको विवरण बिल/भर्पाई सहित पेश गर्नुपर्नेछ। वित्तिय व्यवस्थापन प्रचलित कानुन बमोजिम व्यवस्थित रूपमा राखिनेछ।

७. **अनुगमन तथा मूल्यांकनः** (क) गाउँपालिकाको अनुगमन समिति वा बाह्य सरोकारवाला संस्थाहरूमार्फत कार्यक्रमको प्रभाव मूल्यांकन गरिनेछ।

(ख) मूल्यांकनको नतिजा आगामी वर्षको योजना र रणनीति निर्माणमा आधार बनाइनेछ ।

## परिच्छेद ४

## विविध

८. **बाधा अडकाउ फुकाउने:** यस कार्यबिधिमा उल्लेखित कुराहरुको हकमा यसै बमोजिम हुनेछ र कार्यान्वयनको क्रममा कुनै कुरामा दुबिधा भए वा  कुनै बाधा आई परेमा प्रचलित कानुनको अधिनमा रही गाउँ कार्यपालिकाले निर्णय गरी बाधा अडकाउ फुकाउन सक्नेछ।

९. **खारेजी:** यो कार्यबिधि अर्बिट इनर्जि लि सभाखोला “बि” हाइड्रोपावर कम्पनीबाट प्राप्त हुने सामाजिक उत्तरदायित्व वापत प्राप्त हुने रकम खर्च गर्ने प्रयोजनको लागि मात्र मान्य हुनेछ र सो रकम खर्च गरिसके पछि स्वतः खारेज भएको मानिने छ।

**आज्ञाले**
बुकु प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत
सभापोखरी गाउँपालिका